**समितिको मिति २०७७।०३।१६ को निर्णयः**

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिका सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । आजको बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो ।

१. संघीय सरकारले कोभिड १९ का लागि पठाएको बजेट सम्बन्धित प्रदेश तथा स्थानीय तहमा छिटो भन्दा छिटो पुऱ्याउने व्यवस्था गर्नु पर्ने ।

२. पिसिआर टेष्टकोलागि पठाएको टेष्ट मेशिनले छिटो रिपोर्ट दिन नसकेको कारण रिपोर्ट लिन धेरै समय कुर्नुपर्ने वाध्यता भएकोले बढी क्षमता भएको पिसिआर टेष्ट मेसिनको संख्या र ल्याबको संख्या बढाउने व्यवस्था गर्नु पर्ने ।

३. प्रदेश र स्थानीय तहमा स्वास्थ्यकर्मीको अभाव देखिएकोले जनशक्ति बढाउनु पर्ने ।

४. कोभिड १९ को संक्रमणको व्यवस्थापनको लागि संघीय सरकार, प्रदेश र स्थानीय तह बीच समन्वय हुन अति आवश्यक भएकोले आवश्यक व्यवस्था गर्नु पर्ने ।

५. कोभिड १९ को कारणले दिनानुदिन आत्माहत्या, हिंशा बढेकोले मनोमरामर्शको आवश्यक व्यवस्था गर्नु पर्ने साथै महिलामैत्री तथा बालमैत्री क्वारिन्टीन र आईसोलेशनको समेत व्यवस्था गर्नुपर्ने ।

६. प्रत्यक्ष रुपमा कोभिड १९ को संक्रमणबाट बचाउन, रोकथाम र नियन्त्रणको काममा संलग्न स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन भत्ता तुरुन्त उपलव्ध गराउनु पर्ने ।

७. कोभिड १९ को संक्रमण भएका विरामी वाहेक अन्य विरामीहरुको पनि सहज उपचारको व्यवस्था गर्नुपर्ने ।

८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ को संक्रमणको व्यवस्थापनका सम्वन्धमा प्रदेश र स्थानीय तहमा गई प्रभावकारी रुपमा स्थलगत अनुगमन गर्नु पर्ने ।

समितिको आगामि बैठक अर्को सूचना गरेपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।